परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ८ २०८१ भाद्र ३० आईतवार Sunday 15, SEP 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कोशी प्रदेश सरकारमा नेपाली काँग्रेसबाट चारमन्त्री सहभागी

विराटनगर । कोशी प्रदेश सरकारमा नेपाली कांग्रेस सहभागी भएको छ । सरकारमा कांग्रेसमा ३ मन्त्री र १ राज्यमन्त्रीले शुक्रवार शपथ लिएका छन् ।



संघिय सरकारमा गठवन्धन फेरीएपछि कोशी प्रदेश सरकार–मा नेकपा एमालेको नेतृत्वमा मुख्यमन्त्री हिक्मत कुमार कार्की र नेकपा एमालेवाटै सहभागी मन्त्रीहरुले प्रदेश सरकार चलाई रहेका थिए । नेपाली काँग्रेसको आन्तरिक भागवण्डा नमिलेका कारण सरकारमा सहभागी भएको थिएनन् ।

नेपाली कांग्रेसमा भागवण्डा मिलेपछि कांग्रेस कोशीका महामन्त्रीसमेत रहनुभएका प्रदेश सभा सदस्य भूपेन्द्र राईको नेतृत्वमा कांग्रेस कोशी सरकारमा सहभागी भएको छ ।

सरकारमा सहभागी भएका मन्त्रीहरूमा भूपेन्द्र राई भौतिक पूर्वाधार विकास मन्त्रालय, खगेनसिंह हाङ्गाम उद्योग, कृषि तथा सहकारी मन्त्रालय, सदानन्द मण्डल पर्यटन, वन तथा वातावरण मन्त्रालय र भूमिप्रसाद राजवंशी भौतिक पूर्वाधार विकास मन्त्रालयको राज्यमन्त्रीमा नियुक्त हुनुभएको छ ।

उहाँहरूलाई प्रदेश प्रमुख पर्शुराम खापुङले आजै विहान पद तथा गोपनीयता को शपथ खुवाउनु भएको थियो । मन्त्रीमण्डलमा कांग्रेसबाट ४ जना थप भएसँगै कोशी प्रदेशको मन्त्रीमण्डलको संख्या १० पुगेको छ ।

कांग्रेसबाट नियुक्त भएका मन्त्रीहरूमध्ये राई र राजवंशी नेता कृष्ण सिटौला समूहबाट

बांकी अन्तिम पेजमा...

## निर्वाहमुखी कृषिलाई निर्यातमुखी बनाउन जोड

विराटनगर । प्रदेश सरकारले निर्वाहमुखी कृषिलाई निर्यातमुखी बनाउन जोड दिएको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनु भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले कटहरी गाउँपालिकाको कृषि थोक बजारमा आयोजना गरेको चार दिने कृषि एक्स्पोको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले सो कुरा बताएका हुन ।

सरकारको आवधिक योजनाको मुख्य उद्देश्य र नीति तथा कार्यक्रम बजेटमा कृषि क्षेत्रको उत्पादन वृद्धि केन्द्रीत रहेको मुख्यमन्त्री कार्कीले जानकारी दिनुभयो ।

उहाँले प्रदेशको २०८१ देखि ८५ सम्मको दोस्रो पञ्चवर्षिय योजननामा कृषि, पर्यटन र सूचना प्रविधि क्षेत्रलाई विशेष प्रोत्साहन दिने नीति लिएको जानकारी गराउँदै मुख्यमन्त्री कार्कीले भने नीजी क्षेत्रको सहकार्यमा यही वर्ष हुने लागानी सम्मेलनमा प्रदेश सरकारले राखेका एक सयवटा कृषि उद्योग, पर्यटन, सूचना प्रविधि र जलश्रोत जस्ता योजनामा स्वदेशी तथा विदेशी लगानीकर्ताको आकर्षण हुने विश्वास व्यक्त गरेका थिए ।

मुख्यमन्त्री कार्कीले किसान र निजी क्षेत्रलाई एक ठाउँमा ल्याई कृषि उत्पादन बढाउनका साथै यान्त्रीकरण गर्न एक्स्पो कोषेढुंगा सावित हुने बताउँदै उहाँले भन्नुभयो "लगानीको सुनिश्चिता र कृषि आधुनिकीकरणका लागि यस्ता अवसर सहयोगी हुन्छन् । प्रदेश सरकारले कोशी

बांकी अन्तिम पेजमा...

## उपसभामुखलाई हटाउने खेल अस्वीकार्य : प्रभु साह

विराटनगर । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीले मनोमानी गर्नका लागि संघिय सरकारका उपसभामुख इन्दिरा रानामगर लाई हटाउँने षडयन्त्रमा लागेको टिप्पणी गरेका छन् ।

आजपा निकटको आईटी आर्मीले काठमाडौंको गौशाला पशुपतिमा आयोजना गरेको काठमाडौं उपत्यका स्तरीय विशेष भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । प्रधानमन्त्री ओलीले मनोमानी गर्नका लागि उपसभामुखलाई हटाउँने खेल आफूलाई स्वीकार्य नभएको उनले बताए ।


'महिनौ पहिलाको घटनालाई जोडेर उपसभामुख लाई हटाउन अहिले आएर हटाउन खोज्नु हामीलाई स्वीकार्य छैन् । जब संवैधानिक परिषदमा बहुमत नपुगेपछि सरकारले पुरानो मुद्धा कोट्याउँदै उपसभामुखलाई हटाउँने र मनोमानी गर्ने खेलमा लागेको छ, यो हामीले कदापी स्वीकार्य गर्दैनौं' आजपा अध्यक्ष साहले भने, 'यदी उपसभामुखले गल्ती गरेको हो भने उनलाई दण्ड गर्न सकिन्छ । पहिला पालैपाले सरकारमा सहभागि भएको कंग्रेस र एमालेले पहिले यो मुद्धा किन छोड्यो र अहिले आएर किन बोक्यो ? मनमौजी गर्न नपाउँने पछि जे पनि गर्ने वहाँको प्रश्न थियो ।

अध्यक्ष साहले भने वर्तमान संविधानको काम नभएकाले खारेज गर्नुपर्ने बताएका छन् । अहिलेको संविधानले मुलुकमा स्थायित्व हुन नसक्ने बताउँदै समृद्धिका लागि संविधान खारेज गर्नुको विकल्प नभएको टिप्पणी गरेका छन् । अहिलेको संविधानले नेपाली जनताको आवश्यक्ता र चाहना पुरा गर्न नसक्ने बताउँदै उनले यो 'ककटेल' संविधान खारेज गर्नुपर्ने बताए ।

'अहिलेको संविधान ककटेल संविधान हो । यो संविधानले नेपाली जनताको आवश्यक्ता, चाहना पुरा गर्न सक्दैन् । राजनीतिक स्थायित्व, मुलुकलाई समृद्ध बनाउँन सक्दैन' आजपा अध्यक्ष साहले भने, 'एउटा गाडीमा होन्डाको टायर, हिरोको ब्रेक, यमहाको इन्जिन, एफजेडको टन्की, पल्सरको हन्डिल लगाएपछि

बांकी अन्तिम पेजमा...



## कोशी...

र हाङ्गाम र मण्डल संस्थापन समूहबाट छानिनुभएको छ। नेता डा.शेखर कोइराला समूहका लागि १ जना मन्त्री र १ राज्यमन्त्री बनाउन बनाउने भएको छ। यद्यपि उक्त समूहबाट नाम नगएकोले स्वास्थ्य मन्त्रालय लाई खाली राखेर अरू मन्त्री नियुक्त भएका हुन्।

यसअघि नै एमालेबाट रामबहादुर मगर आर्थिक मामिला तथा योजना, पाँचकर्ण राई सामाजिक विकास, एकराज कार्की खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, लिलाबल्लभ अधिकारी आन्तरिक मामिला तथा कानुन मन्त्री र सिर्जना राई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा राज्यमन्त्रीको रूपमा नियुक्त भइसक्नु भएको छ।

## उपसभामुख...

कस्तो हुन्छ ? यो संविधान पनि त्यस्तै छ। यसमा समाजवाद पनि छ, पुँजीवाद पनि छ तर कामै नलाग्ने, मुलुक र जनतालाई केही दिनै सक्दैन्। त्यसैले यसको खारेजको बिकल्प छैन्।'

हालै आजपाको केन्द्रीय कमिटीको बैठक काठमाडौंमा सम्पन्न भएको छ। सम्पन्न सो बैठकले गरेका निर्णय आईटी आर्मीले काठमाडौं उपत्याकामा पूर्णरुपमा कार्यान्वयन गर्दै अघि बढनुपर्ने उनले निर्देशन समेत दिए।

'यो संविधान विग्रेको रेडियो जस्तै छ। राम्रो आवाज पनि आउँदै, घयारघयार गरिरहन्छ। त्यसैले यसलाई खारेज गर्नुको बिकल्प छैन्। संविधानको अन्त्येष्टि यात्रा भव्यरुपले गर्ने गरी तयारीमा लाग्न निर्देशन दिएका थिए।

मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन, बेथिति बढदै गईरहेको र सरकारको नेतृत्व सहित सरकारमा भ्रष्टहरुको बाहुल्यता रहेको र त्यसलाई रोक्दै आन्दोलनमा जानुको बिकल्प नभएको पार्टीको निर्णयलाई कार्यान्वयन गर्न पार्टीका बिभिन्न जनवर्गीय संगठनका साथै पार्टीका कमिटीहरु अहिले भेला, पुनर्गठन, गठन गर्दै आगाडी बढेको छ।

सातै प्रदेशमा असोज ३ गते संविधानको अन्त्येष्टि यात्रा निकाल्ने निर्णय गरेको आजपाले त्यसलाई काठमाडौं उपत्यकामा पनि भव्यरुपमा कार्यान्वयन गर्नुपर्ने गरी तयारीमा जुटन साहले निर्देशन दिए। काठमाडौं उपत्यकाको तीनवटै काठमाडौं, ललितपुर, भक्तपुर जिल्लामा आजपाले संविधान को अन्त्येष्टि यात्रा निकाल्ने तयारी गर्नु अघि आईटी आर्मीको भेला काठमाडौंमा गरेको आईटी आर्मीका केन्द्रिय सदस्य रामशरण यादवले बताए।

आजपाले ३ असोजमा सातै प्रदेशमा संविधानको अन्त्येष्टि यात्रा निकाल्ने, धोखेबाज दलहरुसंग भोट फिर्ता माग्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने, भ्रष्ट शासकहरुलाई कर बहिष्कार गर्ने, भगौडा दलालहरुको सम्पति कब्जा गरेर राज्यलाई बुझाउने, भ्रष्टाचारीलाई जनकरवाही गर्ने तथा काठमाडौंमा जारी वैदेशिक रोजगार पीडीतलाई न्याय दिलाउने संघर्ष र कबाड आन्दोलनलाई थप व्यवस्थित गर्दै तेस्रो जनान्दोलनको मजबूत आधार खडा गरी सफलताको दिशमा अगाडि बढाउने निर्णय गरेको छ।

आईटी आर्मी काठमाडौं उपत्यकाका अध्यक्ष टाईसन लामाको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका नेताहरु चन्द्रभूषण साह, रविन्द्र सिंह, बिजय यादव, रंजू कुमारी साह, सरोज श्रेष्ठ, संजय साह, सुमन यादव, आर्या पाण्डे लगायतको बिशेष सहभागिता रहेको थियो।

कार्यक्रममा आजपा स्थायी कमिटीका सदस्य चन्दन साहले भोजपुरी भाषाको भ्रष्टाचार बिरोधि कविता र अन्य कलाकारहरुको बिशेष प्रस्तुतिले कार्यक्रम गुन्ज्यमान बनेको थियो।

## निर्वाहमुखी...

प्रदेशलाई कृषि हबको रुपमा विकास गर्नसमेत कार्ययोजना अघि बढाएको छ।" मुख्यमन्त्री कार्कीले किसानका लागि बैंक ब्याजमा अनुदान, यान्त्रीकरणमा सहयोग र कृषि उद्योग संचालनमा सहयोग गरिरहेको र यसलाई निरन्तरता दिइएको समेत जानकारी गराउनु भयो।

महासंघका प्रदेश अध्यक्ष राजेन्द्र राउत, उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, स्विस कन्ट्याक्टका टिम लिडर रिमा श्रेष्ठ, कटहरी गाउँपालिकाका अध्यक्ष देवराज चौधरीले कृषिमा नीजि क्षेत्रलाई आकर्षित गरि निर्यात गर्न सकिने धारणा राख्नु भएको थियो।

एक्स्पोमा १३० बटा स्टलमा कोशी प्रदेश, भारतको विहार र वङ्गालका नविनतम कृषि औजार यन्त्र, प्रविधिको प्रदर्शन, उन्नत जातका पशुपंक्षी, पर्यावरणमैत्री ज्ञान, शिप र प्रविधि , कृषि विज्ञसंग छलफल, नयाँ नयाँ अनुसन्धान र परियोजनाको प्रस्तुती, कृषिपंक्षी तथा कृषि उपज प्रतियोगिता, खेतदेखि भान्साको अनुभव आदिको कार्यक्रम रहेको छ।

एक्स्पोमा कृषिजन्य उत्पादनको प्रवर्द्वन, विस्तार, बजारीकरण, मूल्य अभिवृद्धि एवं रोजगारी सिर्जना गरी राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुर्याउन एक्स्पोको आयोजना गरिएको आयोजकले जनाएको छ।

**हार्दिक अनुरोध**

- *सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।*
- *बाळश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।*
- *अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृतिको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।*
- *महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।*
- *जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

**बुढीगंगा गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश**

# बाबा शिव मन्दिर सेवा समितिको दोस्रो साधारणसभा सम्पन्न



राजेश कुमार राजवंशी

जहदा। जहदा गाउँ पलिका वडा नं. २ हरिनगरा टोलमा रहेको बाबा शिव मन्दिर सेवा समितिले दोस्रो वार्षिक साधारणसभा सभा भव्यताका शनिबार सम्पन्न गरेको छ।

साधारणसभाका प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी जहदा गाउँपलिका अध्यक्ष जयनाथ गिरी (कृष्ण) ले पानसमा बत्ती वालेर समुद्घाटन गर्दै भने धार्मिक स्थललाई सबै जातजातिको संरक्षण गर्ने अधिकार हो। बाबा शिव मन्दिरको लागि निरन्तर सहयोग गर्न तत्पर रहने बताए।

गिरीले मन्दिर संरक्षण र सम्बर्द्धनको निम्ति १ लाख नगद सहयोग गर्ने र आजिवन सदस्य हुने घोषणा गरेको छ। सोही अवसरमा नेपाल कम्युनिष्ट पार्टी प्रदेश सल्लाहकार विक्रम तिवारीले धार्मिक संस्कृतिक भाषालाई आफैं संरक्षण गर्नु पर्छ। स्वास्थको लागि हामीले स्वास्थ बिमा अनिवार्य गर्नुपर्छ।राज्यले दिएको सेवा सुविधा हामीले सदुपयोग गर्नुपर्ने वताए।

त्यसैगरी जहदा गाउँ पालिका वडा नं. २ वडा सदस्य विगेन राजवंशी, वडा सदस्य जितेन हास्दा, भुमि पुत्र टिवीका प्रतिनिधि सुशील राजवंशी, तिर्थ कुमार राजवंशी, मो. इब्राहिम , आधारभुत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवचरन राजवंशी, बाबा शिव मन्दिर सेवा समिति सल्लाहकार धर्मेन्द्र राजवंशी, तेजनारायन राजवंशी, पन्चलाल राजवंशी लगायतले वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए।

आर्थिक वर्ष २०८०/२०८१ मा बाबा शिव मन्दिर सेवासमितिको सम्पत्ति दायित्व ५० हजर ४ सय ५० रुपैयाँ ७५ पैसा रहेको छ। आन्दानी २५ हजार २ सय ६० पैसा रहेको छ। खर्च ३० हजार ५ सय ५० रुपैयाँ खर्च गरेको छ भने ५५ हजार ७ सय १ रुपैयाँ १० पैसा कारोवार गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ।

खुल्लासत्र पछि वन्द सत्रमा बाबा शिव मन्दिरको कार्यक्षेत्र जिल्ला भरी भनाएकोमा यसवाट हुने फाईदा र वेफाईदाका वारेमा छलफल गरी संस्थालाई अगामी दिनमा अझ मजबुत वनाएर लाने भन्दै मन्दिरको आजिवन सदस्य, साधारण सदस्य मनार्थ सदस्यहरूबाट आय आर्जन गरि मन्दिरलाई अझ सौन्दरीकरण विषयमा छलफल भएको थियो।

प्रथम आजिवन सदस्य बिजय राजवंशी, प्रथम साधारण सदस्य शुभाष राजवंशीलाई मन्दिर समितिले शुभकामना दिएका थिए। बाबा शिव मन्दिर सेवा समिति सचिब उमेश कुमार राजवंशी ले कार्यक्रम संचालन गरिएको थिए।

बाबा शिव मन्दिर सेवा समिति अध्यक्ष राजेश कुमार राजवंशीको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको थियो।

**साइबर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशिल जानकारी (पासवर्ड, बैक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक संजालमा आफ्नो ठेगाना, फोन नम्बार र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा प्रयोग गरौं ।
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोशी सरकारलाई पूर्णता देऊ

संघिय सरकारमा फेरवदल भई नेपाली कांग्रेसको साथ लिएर नेकपा एमालेको नेतृत्वा केपी शर्मा ओली प्रधानमन्त्री बनेपछि सातवटै प्रदेशमा त्यसको असर पर को थियो। संघिय सरकार फेरवदलकै आधारमा नेपाली कांग्रेस र नेकपा ऐमालेको सहमतीमा कोशी प्रदेश सर कारको नेतृत्व एमालेले पाउने भएपछि तेस्रो पटक हिकमत कुमार काकी मुख्यमन्त्री बनेका थिए। नेपाली कांग्रेसको आन्तरिक विवादकै कारण कोशी सरकारमा समेल हुन सकेका थिए। नेपाली कांग्रेसको भागवण्डा मिलेपछि दुई समुहवाट चार मन्त्री शुक्रवार शपत ग्रहण गरका छन्।

नेपाली कांग्रेसवाट एकवटा समुहले कोशी प्रदेश सर कारमा भाग नलिएपछि कोशी प्रदेश सरकार भने पूणता पाउन सेकेका छैन । कांग्रेसबाट नियुक्त भएका मन्त्रीहरूमध्ये दुईजना कृष्ण सिटौला समूहबाट र दुईजना संस्थापन समूहबाट सरकारमा सामेल भएका छन् । नेता डा.शेखर कोइराला समूहका लागि १ जना मन्त्री र १ राज्यमन्त्री कोशी प्रदेश सरकारमा समेल हुन वांकी छ। । सो समूहको लागि स्वास्थ्य मन्त्रालयलाई खाली राखेका छन्। एमालेवाट मख्यमन्त्री सहित ६ जना सर कारमा सहभागी भई सकेका थिए।

राजनीतिक दल विशेषको भागवण्डाका कारण महिनौ सरकारले पूणता नपाएपछि मन्त्रालयवाट हुने सेवावाट आम प्रदेशवासी वन्चित हुन पुगेका छन्। सरकार पार्टी मुखी नभएर जनता मुखी हुनपर्छ । सरकारलाई पूर्णता दिन ढिला सुस्ती गर्नु हुँदैन । त्यस्तो गर्नाले सरकार प्रतिका विश्वास घट्दै जन्छ। जसका कारण नेताहरुले जनतावाट गाली खानुपर्छ। त्यसर्थ कुनै बहनामा विलम्ब नगरी सरकारलाई  पूर्णता दिनु जरुरी छ।

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा  प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा  सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# समाजले महिलामा सिर्जना गरेको भ्रम

विधिशा मिश्र

हाम्रो समाजमा महिलाहरूको भूमिका र उनीहरूको अस्तित्वको परिभाषा एक जटिल र विवादास्पद विषय रहँदै आएको छ। समाजले महिलाहरूलाई विभिन्न भ्रमहरूको जालोमा बाँधेर राखेको छ, जसले उनीहरूको व्यक्तिगत विकास, आत्मसम्मान र समग्र जीवनमा गहिरो प्रभाव पारेको छ। यी भ्रमहरू यति गहिरो गरी जरा गाडेर बसेका छन् कि धेरै महिलाहरू आफैं पनि यी भ्रमहरूलाई आफ्नो पहिचानको अभिन्न अंग मान्न पुगेका छन्।

सुरुवातमै, हामी बाह्य सौन्दर्यको भ्रमलाई हेरौं। समाजले महिलाहरूलाई एक विशेष प्रकारको सौन्दर्यको मापदण्डमा फिट हुनुपर्ने दबाब दिएको छ। लामो कपाल, गोरो छाला, पातलो शरीर-यी सबै 'आदर्श' महिलाको परिभाषा बनेका छन्। यो मापदण्ड पूरा गर्न महिलाहरूले आफ्नो शरीरलाई विभिन्न प्रकारका यातना दिनुपर्ने हुन्छ।

उदाहरणका लागि, वाक्सिङ जस्ता पीडादायी प्रक्रियाहरू गर्नुपर्ने वा अप्ठ्यारा र पीडादायी हिल जुत्ता लगाउनुपर्ने बाध्यता। यो भ्रमले महिलाहरूलाई आफ्नो प्राकृतिक सौन्दर्यलाई स्वीकार गर्न र आत्मविश्वासका साथ जीवन बिताउन कठिन बनाइदिएको छ।

यो बाह्य सौन्दर्यको भ्रम सीधै पोशाक र शृंगारको भ्रम सँग जोडिएको छ। समाजले महिलाहरूलाई विशेष प्रकारका लुगा लगाउन, गहनाहरू धारण गर्न र मेकअप गर्न प्रोत्साहित गर्छ। घाँटीमा पोते, हातमा चुरा, निधारमा टीका-यी सबै 'संस्कारी' महिलाको पहिचान बनेका छन्। तर के यी बाह्य चिह्नहरूले साँच्चै नै कुनै महिलाको चरित्र वा व्यक्तित्व लाई परिभाषित गर्न सक्छन ? यो प्रश्न हामी सबैले गम्भीरता पूर्वक सोच्नुपर्ने बेला आएको छ।

पोशाक र शृंगारको भ्रमसँगै रङ्गको भ्रम पनि जोडिएर आउँछ। समाजले महिलाहरूलाई केही विशेष रङ्गहरूमा मात्र सीमित गर्ने प्रयास गरेको छ। रातो र गुलाबी रङ्गलाई 'महिलाको रङ्ग' भनेर चित्रण गरिन्छ, जबकि अन्य रङ्गहरू, विशेषगरी गाढा रङ्गहरू, पुरुषहरूका लागि छुट्याइए का छन्।

यो भेदभावपूर्ण दृष्टिकोणले महिलाहरूको व्यक्तिगत रुचि र स्वतन्त्रतालाई कुण्ठित गर्छ। अझ दुःखद् कुरा त के छ भने विधवा महिलाहरूलाई रङ्गीन लुगा लगाउन निषेध गरिन्छ, मानौं उनीहरूको खुशी र जीवन्तता उनीहरूका पतिसँगै समाप्त भएको छ।

यी बाह्य भ्रमहरूबाट अझ गहिराइमा जाँदा, हामी महिलाको भूमिका र जिम्मेवारीको भ्रमसँग जुध्नुपर्छ। समाजले महिलालाई मुख्यतया घरको काम र पारिवारिक जिम्मेवारीमा सीमित राख्ने प्रयास गरेको छ। घर सम्हाल्ने, खाना पकाउने, बच्चा हुर्काउने-यी सबै 'महिलाको काम' भनेर परिभाषित गरिएका छन्।

समानता, सम्मान र स्वतन्त्रताको वातावरण सिर्जना गर्न सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य छ। पुरुषहरूले पनि यी भ्रमहरूलाई चिन्नु र तिनलाई तोड्ने प्रयासमा सहभागी हुनु महत्त्वपूर्ण छ।

यो सोचले महिलाहरूलाई व्यावसायिक र सामाजिक अवसरहरूबाट वञ्चित गर्छ, उनीहरूको व्यक्तिगत विकास र आर्थिक स्वतन्त्रतालाई कुण्ठित गर्छ। यो पितृसत्तात्मक सोचले महिलाहरूलाई घरको चार दिवारभित्र सीमित राख्न खोज्छ, जबकि बाहिरको संसार पुरुषहरूको लागि मात्र हो भन्ने भ्रम फैलाउँछ।

यो भूमिकाको भ्रमसँग जोडिएर आउँछ शिक्षा र आर्थिक स्वतन्त्रताको भ्रम। एकातिर हाम्रो समाजले सरस्वतीलाई विद्याकी देवी र लक्ष्मीलाई धनकी देवीको रूपमा पूजा गर्छ। तर अर्कोतिर, यही समाजले महिलाहरूलाई शिक्षा र आर्थिक स्वतन्त्रताबाट वञ्चित गर्ने प्रयास गर्छ। छोरीहरूलाई स्कूल पठाउन अनिच्छा देखाउने, उच्च शिक्षाको लागि विदेश पठाउन नचाहने र पैतृक सम्पत्तिमा अधिकार नदिने प्रवृत्ति यसैको परिणाम हो। यो विरोधाभासपूर्ण स्थितिले महिलाहरूको शैक्षिक र आर्थिक विकासमा ठूलो बाधा सिर्जना गर्छ।

हामी 'संस्कारी महिला'को भ्रमलाई हेरौं। समाजले एक विशेष प्रकारको महिलालाई मात्र 'संस्कारी' वा 'आदर्श' मान्छ- जो चुपचाप सहन्छिन्, प्रश्न गर्दिनन् र समाजका सबै नियमहरूलाई निर्विवाद स्वीकार गर्छिन्। परिवारको लागि भोकै बस्ने, पतिको गोडाको पानी पिएर व्रत तोड्ने र सबै प्रकारका शोषण र दमन सहेर बस्ने महिलालाई 'आदर्श' मानिन्छ। यो भ्रमले महिलाहरूको स्वतन्त्र सोच, आत्मसम्मान र व्यक्तिगत विकासलाई कुण्ठित गर्छ।

यी सबै भ्रमहरू एक अर्कासँग गहिरो रूपमा जोडिएका छन् र एक जटिल जाल बनेका छन् जसले महिलाहरूलाई चौतर्फी रूपमा बाँधेर राखेको छ। यो जाललाई तोड्न र महिलाहरूलाई वास्तविक स्वतन्त्रता दिन समाजमा व्यापक परिवर्तन र चेतनाको आवश्यकता छ। यसका लागि केवल कानूनी सुधार मात्र पर्याप्त छैन, बरु हाम्रो सामूहिक मानसिकतामा परिवर्तन ल्याउनु अत्यावश्यक छ।

महिलाहरू स्वयंले पनि यी भ्रमहरूप्रति सचेत हुनु र तिनलाई चुनौती दिनु आवश्यक छ। उनीहरूले आफ्नो वास्तविक क्षमता र सम्भावनाहरूलाई पहिचान गर्नुपर्छ र समाजले थोपरेका सीमाहरूलाई तोड्ने साहस गर्नुपर्छ। शिक्षा, आर्थिक स्वतन्त्रता र आत्मनिर्णयको अधिकार- यी सबै महिला सशक्तीकरणका आधारभूत तत्त्वहरू हुन्।

समानता, सम्मान र स्वतन्त्रताको वातावरण सिर्जना गर्न सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य छ। पुरुषहरूले पनि यी भ्रमहरूलाई चिन्नु र तिनलाई तोड्ने प्रयासमा सहभागी हुनु महत्त्वपूर्ण छ। परिवार, शिक्षा संस्था, मिडिया र समाजका सबै क्षेत्रहरूले यी भ्रमहरूलाई चुनौती दिने र नयाँ, समतामूलक मूल्यहरूलाई प्रवर्धन गर्ने दायित्व लिनुपर्छ।

महिलाहरूमाथि थोपरिएका यी भ्रमहरूलाई चिर्न सजिलो छैन, तर यो असम्भव पनि छैन। यसका लागि निरन्तर प्रयास, संवाद र सामूहिक प्रतिबद्धताको आवश्यकता पर्छ। जब हामी यी भ्रमहरूलाई चिर्न सफल हुन्छौं, तब मात्र हामी एक स्वस्थ, समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्न सक्षम हुनेछौं- जहाँ हरेक व्यक्ति, चाहे पुरुष होस् वा महिला, आफ्नो पूर्ण क्षमतासम्म पुग्न सक्षम हुनेछ। मिश्र नेपाल ल क्याम्पसमा अध्ययनरत विद्यार्थी हुन्। अनलाईनबाट




# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन साप्ताहिक

# वीर्यले तपाईंको स्वास्थ्यको बारेमा के भन्छ ?

पिसाब र दिसाजस्तै वीर्यले पनि मानिसको स्वास्थ्यको बारेमा महत्त्वपूर्ण सङ्केत प्रदान गर्न सक्छ । यसको रङ, बनावट, गन्ध र भोल्युममा हुने भिन्नताहरूले अन्तर्निहित स्वास्थ्य अवस्थाहरू सङ्केत गर्न सक्छ ।

यी सङ्केतहरू बुझ्दा पुरुष हरूलाई उनीहरूको समग्र स्वास्थ्य कायम राख्न र सम्भावित समस्याहरूलाई चाँडै सम्बोधन गर्न मद्दत गर्न सक्छ ।

**वीर्यको लागि सामान्य के हो ?**

वीर्यको रङ, बनावट वा गन्धमा सामान्य परिवर्तन हुनु सामान्य हो । गुणस्तर पनि दिन प्रति दिन फरक हुन सक्छ वा स्खलन देखि स्खलन-कुनै पनि दुई ठ्याक्कै समान हुँदैन । वीर्य वा सेमिनल फ्लुइड, प्रोस्टेट, सेमिनल वेसिकल्स र अण्डकोष बाट निस्कने तरल पदार्थको मिश्रण हो ।

विश्व स्वास्थ्य संगठनका अनुसार सामान्य वीर्य माप दण्डहरूमा कम्तीमा १.५ करोड शुक्राणु प्रति मिलिलिटरको कन्सन्ट्रेसन हुन्छ । जसमा कम्तीमा ४० प्रतिशत शुक्रकीटले गतिशीलता देखाउँदछ र ४ प्रतिशत सामान्य आकार वा रूप देखाउँछ । यसमा सामान्यतया थोरै बाक्लो र जेल जस्तो स्थिरता हुन्छ। यसको क्षारीय पीएचको कारणले यसमा मन्द, ब्लीचजस्तो गन्ध हुन्छ ।

स्खलनको मात्रा सामान्यतया प्रति स्खलन १.५ देखि ५ मिलिलिटरसम्म हुन्छ । वीर्य शरीरबाट बाहिर निस्केको केही मिनेट भित्रमा तरल हुन्छ, मोटो जेलबाट चिल्लो तरलमा परिणत हुँदै शुक्राणुको चाललाई समर्थन गर्दछ ।

सरल रूपमा भन्नुपर्दा, प्रत्येक स्खलनमा लाखौँ शुक्राणुहरू हुन्छन्; तिनीहरू सबै स्वर्ण पदकका तयार पौडी बाजहरू हुनुपर्दैन, र तिनीहरू सबै सामान्य देखिनु पर्दैन । साथै, यो नोट गर्न महत्त्वपूर्ण छ कि असामान्य पौडी खेल्ने शुक्राणुहरूको उपस्थिति पनि सधैं असामान्य आनुवंशिकीको जोखिम हुँदैन ।

**रङ परिवर्तन**

वीर्य सामान्यतया सेतो-खैरो रङको हुन्छ । पिसाब, रगत वा प्रजनन पथमा अन्य तरल पदार्थहरू मिसाउँदा रङ परिवर्तन हुन सक्छ । भिटामिन बी वा औषधि सुरु गर्दा वीर्यले रङ परिवर्तन गर्न सक्छ । जसरी सप्लिमेन्ट र औषधि सुरु गर्दा पिसाबको रङमा परिवर्तन हुन सक्छ, वीर्यमा पनि त्यस्तै हुन सक्छ ।

कलेजो फेल वा जन्डिस जस्ता स्वास्थ्य अवस्थाहरू, जहाँ सम्पूर्ण शरीर पहेँलो देखिन्छ, वीर्यलाई पनि फिक्का पार्न सक्छ । यता धुम्रपानले वीर्यको माप दण्डमा मात्रै परिवर्तन गर्दैन, प्रजनन क्षमतामा ह्रास ल्याउन सक्छ ।

पहेँलो वा हरियो वीर्यले यौन सञ्चारित सङ्क्रमण ( एसटीआई), यूरिनरी ट्र्याक्ट इन्फेक्सन वा प्रोस्टेट इन्फ्लेमेसन (प्रोस्टेटाइटिस) जस्ता सङ्क्रमणको सङ्केत दिन सक्छ ।

हेमाटोस्पर्मिया भनेर चिनिने रातो वा खैरो वीर्य डरलाग्दो हुन सक्छ । कहिलेकाहीँ यो सामान्यतया सुजन, बढेको प्रोस्टेट सङ्क्रमण वा लामो समयसम्म बाइक चलाउँदा पनि हुन सक्छ ।

**बनावट र घनत्व**

सामान्य वीर्य अलिकति बाक्लो र जेलजस्तो हुन्छ । त्यसैले धेरै बाक्लो वीर्य निर्जलीकरण वा सङ्क्रमण को सङ्केत हुन सक्छ । लामो समयदेखि निर्जलीकरणको समस्या भएका पुरुषहरूको प्रायः वीर्य मापदण्डहरू परिवर्तन भएका हुन्छन्, जसमा बनावट समावेश हुन्छ, जसले प्रजनन क्षमतामा कमी ल्याउन सक्छ । अर्कोतर्फ, पातलो वीर्यले शुक्रकीटको सङ्ख्या कम भएको वा बारम्बार स्खलन हुनुलाई सङ्केत गर्न सक्छ । यसले शुक्रकीटको गुणस्तर लाई अस्थायी रूपमा कम गर्न सक्छ ।

**गन्ध**

सामान्यतया, वीर्यमा हल्का ब्लीच वा अमोनिया जस्तो गन्ध हुन्छ किनभने यसको थोरै क्षारीय पीएच हुन्छ । कडा वा दुर्गन्ध भएको वीर्य ब्याक्टेरियल प्रोस्टेटा इटिस वा एसटीआई जस्ता सङ्क्रमणहरूको लागि रातो झन्डा हुन सक्छ । मीठो गन्धले मधुमेहको लागि असामान्य ग्लुकोज स्तर सङ्केत गर्न सक्छ ।

**मात्रा**

स्खलनको औसत मात्र १.५ देखि ५ मिलिलिटरसम्म हुन्छ–लगभग १/३ देखि १.५ चिया चम्चा–वा लगभग केचपको सानो प्याकेटको मात्रा । कम मात्रा बारम्बार स्खलन, कम टेस्टोस्टेरोन स्तर वा प्रजनन पथ मा अवरोध को परिणाम हुन सक्छ। वीर्यको उच्च मात्रा लामो समयसम्म यौन क्रियाकलाप नगर्दा वा दुर्लभ अवस्थामा, सङ्क्रमण वा सुजनको कारण हुन सक्छ ।

**स्खलनको आवृत्ति**

जबकि नियमित स्खलन सामान्यतया स्वस्थ हुन्छ, धेरै पटक स्खलनले वीर्यको गुणस्तरलाई असर गर्न सक्छ। दिनहुँ धेरै पटक स्खलन गर्ने पुरुषहरूले शुक्रकीटको सङ्ख्या र गतिशीलतामा अस्थायी कमी अनुभव गर्न सक्छन् । यद्यपि यो बारम्बार स्खलन गर्ने कम गरेसँगै सामान्य हुन्छ ।

**स्खलनको समयमा दुखाइ**

पीडादायी स्खलन प्रोस्टेटाइटिस, युरेथ्राइटिस र पेरियोनिज रोग वा पोस्ट-भ्यासेक्टोमी दुखाइ सिन्ड्रोम जस्ता अवस्थाहरूको लक्षण हुन सक्छ । पुरानो प्रोस्टेटाइटिस भएका १५% देखि ५५% पुरुषहरूले स्खलनको समयमा यौन दुर्बलता र/वा पीडा अनुभव गर्न सक्छन् ।

**जीवनशैली**

आहार, हाइड्रेशन र समग्र स्वास्थ्यले वीर्यको गुणस्तरलाई गहिरो असर गर्छ । खराब आहार, व्यायामको कमी र धूम्रपानले वीर्य स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । जबकि स्वस्थ जीवनशैलीले यसलाई सुधार गर्न सक्छ ।

**औषधि र सप्लिमेन्ट**

केही औषधि र सप्लिमेन्टहरूले वीर्यको उपस्थिति र गुणस्तर परिवर्तन गर्न सक्छन् । उदाहरणका लागि, टेस्टोस्टेरोन रिप्लेसमेन्ट थेरापीले शुक्राणु उत्पादन घटाउन सक्छ । जबकि जिंक र फोलिक एसिड जस्ता पूरकहरूले वीर्यको गुणस्तर बढाउन सक्छ ।

**कहिले डाक्टरलाई भेट्ने ?**

वीर्यमा कहिलेकाहीं हुने परिवर्तनहरू सामान्यतया चिन्ताको कारण होइनन् । यद्यपि, निरन्तर परिवर्तनहरू भयो भने विज्ञको परामर्श लिनुपर्छ । नियमित चेक-अप र तपाईंको डाक्टरसँग खुला कुराकानी यौन स्वास्थ्य कायम राख्न र कुनै पनि समस्यालाई चाँडै सम्बोधन गर्न महत्त्वपूर्ण छ । तपाईंले लिइरहनुभएको कुनै पनि औषधि वा ओभर-द-काउन्टर सप्लिमेन्टहरू तपाईंको डाक्टरलाई सम्झाउन महत्त्वपूर्ण छ ।

वीर्यले पुरुषको स्वास्थ्यमा बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्न सक्छ। यसको रङ, बनावट, गन्ध र मात्रामा ध्यान दिएर, पुरुषहरूले सम्भावित स्वास्थ्य समस्याहरू चाँडै पत्ता लगाउन सक्छन् ।

यदि तपाईंले निरन्तर परिवर्तनहरू देख्नुहुन्छ भने विज्ञसँग परामर्शले तपाईंको यौन स्वास्थ्य सही अवस्थामा सुनिश्चित गर्न मद्दत गर्न सक्छ । सीएनएन

# परपुरुषसँग रंगेहात पक्रिँदा श्रीमानलाई जेल



आफ्नी धोकेबाज पत्नीलाई विवाहेत्तर सम्बन्धमारंगेहात पक्रिएबापत एकजना ताइवानी पुरुषलाई उल्टै जेल सजाय भएको छ ।

ती व्यक्तिले आफ्नी पत्नी परपुरुषसँगको अवैध सम्बन्धमा रहेको बेलारंगेहात समाएका थिए । तर, अदालतले भने घरमा गोप्य क्यामेरा जडान गरेर पत्नीको गोपनीयता हनन् गरेको भन्दै उल्टै ती पुरुषलाई ३ महिनाको जेल सजाय सुनाएको हो ।

फान नामक ती व्यक्तिको धेरै वर्षअघि बिहे भएको थियोर सो दम्पतीका २ वटा सन्तान छन् । तर, उनलाई केही महिनाअघिदेखि नै आफ्नी पत्नीको परपुरुषसँग अनैतिक सम्बन्धरहेको शंका लाग्यो । त्यसपछि उनले पत्नीको कर्तुतको पर्दाफास गर्नका लागि घरको बैठक कोठामा राखिने पियानोमा गोप्य ढंगले निगरानी क्यामेरा जडान गरे ।

त्यस्तै बेडरुममारहेको कम्प्युटरसँगै पनि उनले अर्को क्यामेरा जडान गरे । त्यसरी क्यामेरा जडान गरेको दुई हप्तामै उनकी पत्नी एकजना अपरिचित पुरुषसँग बेडरुममै अन्तरंग क्रियाकलापमा संलग्न भएको दृश्य क्यामेरामा कैद भयो ।

आफ्नी पत्नी अर्कै पुरुषसँग सल्किएको सप्रमाण फेला पारेपछि उनले पत्नीसँग डिभोर्स मागेर सोही भिडियो क्लिपसहित डिभोर्सको मुद्दा हाल्ने निधो गरे ।

त्यसअघि सन् २०२२ को फेब्रुअरीमा उनले पत्नीर उनका वकिललाई सम्बन्ध विच्छेको छलफलका लागि बोलाएका थिए । तर, त्यसमा सहमति जुट्न नसकेपछि उनले पत्नीविरुद्ध आफ्नो सार्वजनिक छवि ध्वस्त बनाएको भन्दै अदालतमा अर्को मुद्दा हाले ।

तर, उनकी पत्नी पनि के कम ? पतिले आफ्नो सहमतिविना घरमा गोप्य क्यामेरा जडान गरेर आफ्नो गोपनीयता हनन् गरेको भन्दै उनले स्थानीय प्रहरी चौकीमा उजुरी दिइन् । साथै उनले सोही अभियोगमा अदालतमा समेत मुद्दा हालिन् ।

अदालतमा ती पुरुषले घरमा छोराछोरीहरूले आमा धेरैबेर बाथरुममा हराउने गरेको भनेपछि त्यही चिन्तालाई दूर गर्नका लागि क्यामेरा जडान गरेको जिकिर गरे । तर, न्यायाधीशले सो कुरा पत्याएनन् ।

अन्ततः गत वर्षको अन्त्यतिर ताओयुआन अदालतले सम्बन्धित व्यक्तिको सहमति तथा वैध कारण विनै अरु व्यक्तिको गोप्य गतिविधिको दृश्य खिचेको भन्दै फानलाई तीन महिनाको जेल सजाय सुनायो ।

उनले माथिल्लो अदालतमा पुनरावेदन गरेको भए पनि अदालतले तल्लो तहको फैसलालाई सदर गरेसँगै ती पुरुष ३ महिना जेल बस्नुपर्ने भएको हो ।




**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**

# कोशी प्रदेशबाट अस्थायी लाइसेन्स वितरण शुरु

इटहरी । इटहरीस्थित यातायात व्यवस्था कार्यालयले ट्रायल पास गरेलगत्तै अस्थायी सवारी लाइसेन्स दिने भएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की र आन्तरिक मामिला तथा कानुन मन्त्री लिलाबल्लभ अधिकारीले औपचारिक उद्घाटन गरि अस्थायी लाइसेन्स वितरण सुरु गरेका छन ।



स्मार्ट लाइसेन्सको लागि तीन वर्षसम्म पर्खनुपर्ने अवस्थाको अन्त्य गर्दै कोशी प्रदेश सरकारले पहिलो पटक अस्थायी लाइसेन्स वितरण सुरु गरेको हो ।

उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले प्रदेशका नागरिकको हित र सुविधालाई प्रदेश सरकारले उच्च प्राथमिकता दिएको बताउँदै ट्रायल पास भएलगत्तै लाइसेन्स पाइने बताउनु भएको छ । उहाँले आवश्यक व्यवस्था मिलाउन केही दिन समय लाग्ने बताउँदै भन्नुभयो , 'पासपोर्ट जस्तै लाइसेन्स पनि आवश्यकताका आधारमा वर्गीकरण गरेर केही शुल्क बढाएर दिने व्यवस्था गर्दैछौं, तपाईहरुको सहयोग आवश्यक छ ।'

कार्यक्रममा बोल्दै आन्तरिक मामिला तथा कानुन मन्त्री अधिकारीले यातायात व्यवस्था विभागले अस्थायी लाइसेन्स वितरणका लागि गरेको प्राविधिक सहयोगको प्रसंसा गर्दै चाँडै स्मार्ट लाइसेन्स छाप्ने गरीको तयारी भइरहेको जानकारी दिनु भयो ।

गत साउन ३२ गते सात वटै प्रदेशका यातायात व्यवस्था मन्त्रालयका मन्त्रीहरुको संयुक्त बैठकले सवारी चालक अनुमतिपत्रको स्थायी कार्ड प्रदेशबाटै छाप्ने र स्थायी कार्ड छाप्ने व्यवस्थापन गर्न लाग्ने समयसम्म क्युआर कोड सहितको अस्थायी सवारी चालक अनुमतिपत्रको कार्ड छाप्ने निर्णय गरेको थियो ।

सोही अनुसार सबैभन्दा पहिला पटक कोशी प्रदेशले अस्थायी कार्ड वितरण गरेको हो । कोशी प्रदेशमा सवारी चालक अनुमतिपत्र जारी गर्ने यातायात व्यवस्था सेवा कार्यालयहरू ७ वटा छन् । अब ति सबै कार्यालयबाटै अस्थायी लाइसेन्स पाउने व्यवस्था सुरु गरिएको छ । जसको समयावधि एक वर्षको हुनेछ । एकवर्षभित्रै स्थायी स्मार्ट लाइसेन्सको छपाइ 'समेत प्रदेशबाटै गर्ने तयारी भइरहेको छ ।

नयाँ, थप र प्रतिलिपीसमेत गरी अहिले कोशी प्रदेशबाट मासिक १८ हजार सवारी चालक अनुमतिपत्रको लागि निवेदन आउने गरेकोमा यातायात व्यवस्था विभागले स्थायी (स्मार्ट) कार्ड छाप्न ढिलाइ गरेपछि सेवाग्राहीहरु पैसा तिरेको रसिद बोकेर हिड्न बाध्य थिए ।

अब प्रदेशले नै एकै दिनमा लाइसेन्स दिन सुरु गर्नु अत्यन्तै राम्रो भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिब कमल बहादुर थापाले वताए ।

# चिकित्सक र औषधि उत्पादन गर्ने प्रदेशको लक्ष्य

विराटनगर । कोशी प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर झापामा आयोजित कार्यक्रममा मुख्यमन्त्री कार्कीले आयुर्वेद चिकित्सक र औषधि उत्पादन गर्ने प्रदेश सरकारको लक्ष्य रहेको वताएका छन् ।

कोशी प्रदेश जडिबुटीहरुको समेत भण्डार रहेको र यही औषधि उत्पादन गरेर प्रदेशको आम्दानी बढाउन सकिने भन्दै मुख्यमन्त्री कार्कीले भने प्रदेशिक आयुर्वेद अस्पताललाई आयुर्वेद स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्ने योजना बनाएको जानकारी गराएको थियो ।

आयुर्वेद अस्पताललाई शैक्षिक प्रतिष्ठानको रुपमा विकास गरी अध्ययन कार्यदल गठन गरिएको भन्दै मुख्यमन्त्री कार्कीले भने कार्यदलले दिएको प्रतिवेदन का आधारमा काम सुरु गर्ने जानकारी दिएका थिए ।

मुख्यमन्त्री कार्कीले डाक्टर खिमबहादुर कार्कीको नेतृत्वमा बनाएको कार्यदल ले अब एक महिनामा प्रतिवेदन बुझाएपछि तत्काल काम सुरु गर्ने बताएका थिए । आयुर्वेद स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने, आयुर्वेदिक चिकित्सा र नयाँ चिकित्सा प्रणालीलाई जोडेर सेवा दिन सक्ने सम्भावनाको समेत खोजी गरिने उहाँले बताएका थिए ।

# लागुऔषध नियन्त्रण सम्बन्धी संचेतना कार्यक्रम

इलाम । जिल्ला प्रशासन कार्यालय इलाम तथा जिल्ला प्रहरी कार्यालय इलामको सयुक्त आयोजनामा लागुऔषध नियन्त्रण सम्बन्धी सचेतना मुलक कार्यक्रम सम्पन्न भएको छ ।

लागुऔषध नियन्त्रण सम्बन्धी जिल्ला प्रशासन कार्यालय इलाम र जिल्ला प्रहरी कार्यालय इलामले तयार पारेको लागुऔषध नियन्त्रण सम्बन्धी विशेष तीन महिने कार्ययोजना तथा लागुऔषध विरुद्ध आमाहरु अभियानलाई निरन्तरता दिदै भाद्र २६ गते इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ७ स्थित महेन्द्र रत्न बहुमुखी क्याम्पस भवनमा कार्यक्रम भएको थियो ।

इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठको अध्यक्षता तथा वडाअध्यक्ष, सोही क्याम्पस का प्रमुख, शिक्षक शिक्षिका, विद्यार्थी भाई बहिनीहरुको उपस्थितीमा यस जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक प्रभु प्रसाद ढकालले प्रकाश पार्नु हुदै लागुऔषध सम्बन्धी प्रस्तुतिकरण गरेका थिए ।

कार्यक्रममा इलाम नगरपालिका वडा नं ७ का वडाअध्यक्ष, सोही क्याम्पस का प्रमुखले लागुऔषध नियन्त्रण सम्बन्धी आफ्ना मनतब्य राख्नुका साथै उक्त कार्यक्रमलाई इलाम जिल्ला प्रमुख जिल्ला अधिकारी कल्पना श्रेषठले कार्यक्रम समापन गर्नु भएको थियो ।

# उद्योग वाणिज्य महासंघ कोशी प्रदेशद्धारा कृषि एक्स्पो

विराटनगर । कोशी प्रदेशमा प्रादेशिक अर्थतन्त्रको एकतिहाई भन्दा बढी हिस्सा ओगट्ने कृषिजन्य उत्पादनको प्रवर्द्धन र विस्तारकोको लागि नेपाल उद्योग बाणिज्य महासंघ कोशी प्रदेशले कृषि एक्स्पो २०८१ शुरु भएको छ ।

महासंघ कोशी प्रदेशदले उत्पादन वृद्धि, बजार मूल्यवृद्धिको विकास गरी रोजगारी सिर्जनाका साथै राष्ट्रिय अर्थतन्त्रको विस्तारमा सघाउ पुर्याउने उदेश्य पहिलो पटक कोशी एक्स्पो २७ देखि ३० गतेसम्म कटहरीको कृषि थोक बजारमा कृषि आयोजना शुरु भएको उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले वताए ।

एक्स्पोका मुख्य आकर्षणहरु नविनतम औजार, बन्त्र तथा प्रविधिको प्रदर्शनी, उन्नत जातका पशुपक्षि प्रदर्शनी, पर्यावरण मैत्री ज्ञान, शिप र प्रविधि, कृषि विज्ञमग छलफल तथा मेमिनार कार्यक्रम, नयां नयां अनुसन्धान र परियोजना हरूको प्रस्तुती, बजार तथा व्यापारका अवसरहरु, पशुपक्षी तथा कृषि उपज प्रतियोगिता, खेत देखी भान्साको अनुभव तथा फुड फेस्टिवल एवं जिल्ला बाहिरबाट मेला अवलोकन गर्न आउने कृषकका लागि नि:शुल्क खाना तथा आवासको व्यवस्था र हेको अध्यक्ष राउतले वताए ।

यसैगरी एक्स्पो हुने स्थानमा जम्मा ५ वटा करक छुटयाइएको छ । जसमा एमा पशुपंक्षीवि मा कृषि, सि मा मेशिनरी डि मा फूड स्टल र ई मा गोष्ठी तथा परामर्श सेवा रहेको छ। एक्स्पोमा करीव १३० वटा स्टल रहने छन् जसमा भारतको विहार तथा कलकत्ताबाट २० वटा स्टल आउने छन् ।

एक्स्पो अवधिभर कृषि, पशुपक्षी, कष्टम हाइरिंग क्लाइमेट चेन्ज जैविक मल तथा विषादी बनाउने र प्रयोग विधि लगायतका विषयमा नेपाल तथा भारतका विज्ञवाट संवाद कार्यक्रम राखिएको छ ।

त्यसैगरी काठमाण्डौं विश्वविद्यालयले कृषि विषयमा परामर्श दिने कार्यक्रम रहेको छ जून लोकसेवाको तयारीमा रहेका परिक्षार्थीहरुका लागि उपयोगी हुनेछ ।

एक्स्पोमा जिल्ला नगर उद्योग वाणिज्य संघहरु, कृषि ज्ञान केन्द्र, १३७ वटा स्थानीय तह, कृषक, कृषी व्यवसायी, सहकारी, काठमाण्डौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, कृषि कलेजबाट सहभागी हुनका साथै समुदघाटन कार्यक्रममा भारत बिहार राज्यका माननीय कृषि मन्त्री लगायत कृषि विभाग र विज विभागका विज्ञहरुको सहभागिता रहने कार्यकम रहेको छ। कृषि एक्स्पोमा प्रवेश नि:शुल्क गरिएको छ ।

प्रदेश सरकार, कोशी प्रदेश, उद्योग कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश र नेपाल उद्योग वाणिज्य महासंघ, स्वीस सरकार विकास सहयोग एमडीसी एक्स्पोको प्रवर्द्धन गरिरहेको छ भने नेपाल कृषि बजार विकास कार्यकम (सहज र कटहरी गाउपालिका सहयोगी सम्वा रहेका छन् ।

त्यसैगरी एक्स्पोको मुख्य प्रायोजकमा मनोबल आईएमई बैंक रहेको छ भने प्रायोजकमा बोल्ग ग्रुप, कृषि विकास बैंक र मुक्तीना कृषि विकास कम्पनी लि रहेका छन् ।

यसैगरी एक्स्पोको सह प्रायोजकमा एनएमवि बैंक सिद्धार्थ बैंक नविल बैंक बुढीगंगा गाउपालिका र जहदा गाउपालिका रहेका छन । ४ दिन सम्म लाग्ने कृषि एक्स्पो आईतवार सकिदै छ ।


## खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

## अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



## ट्राफिक नियमको पालना गरौं । सडक सुशासन कायम गरौं ।।



## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

# प्रविधिमुलक क्षेत्रलाई उकृष्ट वनाउन वैदही प्रतिवद्ध

विराटनगर। वैदेही जानकुञ्ज कलेज (भीजी) कलेज बिराट नगरले वीवीए र बीएस्सी सीएसआईटी अध्यापन गर्न विराटनगरमा कलेज संचालनमा ल्याएको छ।




कलेज प्रमुख ए. के. दासले नेपाल पत्रकार महासंघको सभा हलमा पत्रकार सम्मेलनमा भने भीजी कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्न सदैव अग्रणी भूमिका निर्वाह गर्ने छ।विद्यार्थीहरुको उज्ज्वल भविष्य सुनिश्चित गर्नको लागि महत्वपूर्ण कदम भएको वताउँदै विद्यार्थीहरूलाई व्यावसायिक र प्रविधिमूलक क्षेत्रमा उत्कृष्ट बनाउन प्रतिबद्ध रहेको छ।

पत्रकार सम्मेलनमा कलेज व्यवस्थापन समितिका अध्यक्ष डा. भविश्य मिश्राले भने नयाँ पहलले बिराटनगरको शैक्षिक प्रतिष्ठानहरूमा नयाँ उचाइ थप्नेछ। यसले हामो क्षेत्रीय विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नेछ।

त्यसैगरी सीएसआईटी विभाग प्रमुख कश्यव रायमाझीले भने "यो कार्यक्रमले विद्यार्थीहरुलाई सूचना प्रविधिको क्षेत्रमा अत्याधुनिक जान र सीप प्रदान गर्नेछ। हामी उद्द्देश्य विद्यार्थीहरुलाई प्रविधिमा दखल बनाउनु र भविष्यको चुनौतिहरू सामना गर्न तयार बनाउनु हो।"

महेंद्र चौकमा रहेको कलेजमा ४० जना विद्यार्थी लाई अध्ययन गराउने छ। प्रति विद्यार्थी करीब ४ लाख खर्च लाग्ने छ।

# भ्रष्टाचार हटाउन शुन्य सहनशिलताको नीति अवलम्बन

विराटनगर। देश विकास गर्नलाई भ्रष्टाचारलाई शुन्य सहनशिलता को नीति अवलम्बन गर्नुपर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन।

प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय काठमाण्डौंले विराटनगरमा आयोजना गरेको भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना -२०८१ का सम्वन्धमा अन्तरक्रियामा उहाँले सो कुरा वताएका हुन। साथै भ्रष्टाचारलाई न्यून गर्दै नेपाललाई भ्रष्टाचारमुक्त मुलुकको रुपमा स्थापित गर्नुपर्नेमा जोड दिएका थिए।

यसका लागि राजनीतिक, प्रशासनिक नेतृत्व र सुरक्षा निकाय लगायत सबैले प्रतिवद्धता व्यक्त गर्नु पर्ने आवश्यक्ता रहेको उहाँले औल्याउदै चने प्रदेशमा भ्रष्टाचार विरुद्धको रणनीति बनाउन आवश्यक छलफल एवं कार्य शुरु गर्ने जानकारी गराए।

भ्रष्टाचार नियन्त्रण गर्न विधि बनाएर प्रतिवद्धतासहित काम गरेमा सफल हुने भन्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो ,' देश विकासको लागि भ्रष्टाचार नियन्त्रण आवश्यक रहेकोले यस कार्यका लागि हामीसबैले आफ्नो क्षेत्रबाट लाग्नुपर्ने पर्छ'।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय का सचिव फणिन्द्र गौतम,प्रमुख सचिब केदारनाथ शर्मा, प्रदेश सभा सदस्य मालति सुब्बा ,सहसचिव राजेन्द्र थापा, उपसचिव ओम प्रकाश पराजुलीले भ्रष्टाचारको जोखिम पहिचान गरि निगरानी गर्नुपर्ने, प्रदेश र स्थानीय निकायमा भ्रष्टाचार विरुद्धको कार्यनीति बनाएर कार्यान्वयन गरे नियन्त्रणमा सहयोग पुग्ने विचार व्यक्त गरेका थिए।

# समस्या समाधान हुनेगरी कदम चाल्ने प्रतिवद्धता

विराटनगर। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले मधेश प्रदेशको समस्या समाधान हुनेगरी कदम चाल्ने प्रतिवद्धता जनाएका छन्।



र मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहबीच भेटवार्ता भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबारमा शुक्रबार भएको सो भेटमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री गुप्ताले सो प्रतिवद्धता जनाएको थियो।

भेटमा मुख्यमन्त्री सिंहले मधेश प्रदेशमा कर्मचारीहरु जान नमान्ने र गएकाहरू पनि दक्ष नहुँदा कार्य सम्पादनमा समस्या भइहेको जानकारी गराएका थिए। सरकारी कार्यालयहरूका कार्यसम्पादन मा समस्या आउँदा सर्वसाधारण सेवाग्राही मर्कामा पर्ने गरेको भन्दै उहाँले मधेश प्रदेशमा दक्ष र अनुभवी कर्मचारीहरु पठाउन आग्रह गरेका थिए।

'मधेशमा कर्मचारीहरू जान मानिरहनुभएको छैन। उहाँहरूका लागि काम गर्ने उपयुक्त वातावरण बनाउन हामी प्रयासरत छौं। तर, दक्ष र अनुभवी कर्मचारीहरू पठाइदिनुहुन विनम्र आग्रह छ,' मुख्यमन्त्री सिंहले संघीय मन्त्री गुप्तालाई भनेका थिए

मुख्यमन्त्री सिंहको कुरा सुनेपछि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री गुप्ताले मधेश प्रदेशको समस्याबारे आफू स्वयम् जानकार र चिन्तित रहेको भन्नुहुँदै मुख्यमन्त्रीबाट भएको पहलप्रति खुसी ब्यक्त गर्दै उहाँले मधेश प्रदेशको सो समस्या समाधान हुनेगरी आफूले कदम चाल्ने प्रतिवद्धता जनाएको छ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

# लागुऔषध सहित १४ पक्राउ

विराटनगर। लागुऔषध सहित १४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्ला मोरङ कानेपोखरी गाँउपालिका वडा नं. ७ स्थित कानेपोखरी बजारमा इलाका प्रहरी कार्यालय पथरीबाट खटीएको टोलीले चेकजाँच गर्ने क्रममाजिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. ११ बस्ने बर्ष ३७ की सबिता तामाङको साथबाट ब्राउन सुगर जस्तो देखिने धुलो पदार्थ १०० ग्राम फेला परी नियन्त्रणमा लिएको थियो

त्यसैगरी जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं. ४ कुशल चौक बस्ने वर्ष २५ को सरोज श्रेष्ठले घरमा लागूऔषध बेचिरहेको भन्ने गोप्य सुचनाको आधारमा अपपोष्ट कुशलबजारबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रम्मा निजको घरबाटट्रामाडोल ७२४ चक्कि, डिकोलिक ४८० चक्कि सहित नियन्त्रणमा लिई सम्मानित जिल्ला अदालत बाट दुवैजनाको दिन ५ (पाँच) म्याद थप भई सम्वन्धित इलाका प्रहरी कार्यालयबाट अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

झापा, मोरङ र सुनसरी बाट लागुऔषध सहित भदौ २६ गते रतुवामाईमाई नगरपालिका-१ र २ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो विराटनगर र इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले रतुवामाई-८ का २६ बर्षीय सुजन मोते र ३१ बर्षीय शिव कुमार लामिछानेलाई २ ग्राम ७५ मिलिग्राम ब्राउन सुगर, उर्लबारी नगरपालिका-५ का ३० बर्षीय गणेश तामाङलाई ३ ग्राम २१ मिलिग्राम ब्राउन सुगर र उदयपुर चौदण्डीगढी-३ का २३ बर्षीय पुरन राई र रतुवामाई-६ का २१ बर्षीय संगम सुन्दासलाई टरमाडोल, भोमिन, प्रोमेथ र लाईसीटोन समेत गरी ८ सय चक्की निषेधित औषधी सहित पक्राउ गरेको थियो।

यसैगरी इलाका प्रहरी कार्यालय रानी (सिमा) को प्रहरी टोलीले बिराटनगर-१६ स्थितबाट धरान-१७ का ३९ बर्षीय राजकुमार श्रेष्टलाई निषेधित औषधी एभिल, डाइजेपाम, लुपिजेसिक र फेनारगन समेत गरी १२ एम्पुल सहित नियन्त्रणमा लिएको थियो। यसका साथै झापाको शिवसताक्षी नगरपालिका- २ का ३३ बर्षीय अर्जुन कुमार राई ४ ग्राम ९ सय मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय झिलझिलेले र मोरङको सुन्दरहरैचा-५ का २१ बर्षीय श्याम कार्कीलाई १ ग्राम ४ मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय लौकही सुनसरीले पक्राउ गरेको छ। लागुऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।

मोरङको दुई छुट्टा छुट्टै स्थानहरुबाट लागुऔषध ब्राउन सुगर र नियन्त्रित औषधी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो। भदौ २४ गते साँझ ६ बजे पथरी शनिश्चरे नगरपालिका-७ का २८ बर्षीय ललित गुरुङ्ले आफ्नै घरमा लागुऔषध बेचबिखान गरिरहेको छ भन्ने बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले उनको घर खानतलासी गर्दा घर भित्र लुकाईछिपाई राखेको अवस्थामा ३ ग्राम ३ सय ५० मिलीग्राम ब्राउन सुगर फेला पारी उनलाई नियन्त्रणमा लिएको थियो। सीआरभी बाँसबारी मोरङबाट खटिएको प्रहरी टोलीले सुन्दरहरैँचा नगरपालिका-७ का २० बर्षीय रुपेश चौधरीलाई नियन्त्रित औषधी एभिल, डाइजेपाम र फेनारगन १७ एम्पुल सहित बुढिगंगा गाउँपालिका-२ गंगा चोकबाट पक्राउ गरेको हो। लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

झापा र मोरङबाट लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो। भदौ २४ गते साँझ साढे ६ बजे झापाको झापा गाउँपालिका-४ ग्रामथान स्थितमा इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले प्र. १ - ०१-०१७ प १७९८ नम्बरको मोटरसाईकल चेकजाँच गर्दा मोटरसाईकल चालक शिवसताक्षी गाउँपालिका- ३ का २१ बर्षीय थरेन्द्र गुरुङको साथबाट २ ग्राम ५९ मिलीग्राम ब्राउन सुगर फेला पारी पक्राउ गरेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय डोरिया मोरङबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-४ का २३ बर्षीय सुरज धिमाललाई प्रतिबन्धित औषधी नाईट्राभेट ४ सय २० पिस सहित रतुवामाई नगरपालिका- २ बाट पक्राउ गरेको थियो। लागुऔषध सहित पक्राउ गरेका उनिहरुको थप अनुसन्धान भईरहेको छ।